प.सं. च.नं. / Ref:

मिति : २०७८/०४/२१

## प्रेस विज्ञप्ति

## आयोगका नीतिहरू तथा आचारसंहिताको विमोचन

आज मिति २०७८ साल श्रावण २१ गते निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया तथा आयुक्तहरू इश्वरीप्रसाद पौड्याल, रामप्रसाद भण्डारी, जानकी कुमारी तुलाधर र सगुन शमशेर ज.ब.रा.ले आयोगका नीति तथा आचारसंहिताको संयुक्त रुपमा विमोचन गर्नुभयो । विमोचन गरिएका नीति तथा आचारसंहिता निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७, निर्वाचन व्यवथापनमा मानव संशाधन नीति, २०७७ , निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७, निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०७७ र निर्वाचन आयोगका पदाधिकारीको आचारसंहिता, २०७८ रहेका छन् ।

उक्त कार्यक्रममा सम्वोधन गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्तले स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनका लागि निर्वाचनका सबै चरण र प्रक्रियामा लैङ्गिक तथा समावेशी विषयहरूलाई समेट्न जरुरी भएको, निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा जनशक्तिको भूमिका महत्वपूर्ण हुने भएकोले सो को लागि व्यवस्थित र योजनाबद्ध नीतिगत व्यवस्था जरुरी भएको, सूचना प्रविधिको विकाससँगै सामाजिक सञ्जालको व्यवस्थित प्रयोग र त्यसको प्रभावका पक्षहरुलाई व्यवस्थापन गर्नुपर्ने लगायतका विषयहरूमा प्रकाश पार्नुभयो । उल्लेखित नीतिगत व्यवस्थाहरुको कार्यान्वयनका लागि सबैको सहयोग र सहभागिताका लागि अनुरोध गर्नुभयो ।

निर्वाचन चक्रका सबै चरण र प्रक्रियामा आयोगको भूमिका उत्तिकै रहने भएता पनि निर्वाचनका समयमा मात्र स्रोत साधनको व्यवस्था हुने र अन्य समयमा न्यून हुने अवस्था रहेको वताउनुभयो । निर्वाचनमा "सबै, सँधै, सँगै" आयोगको नारा रहेको वताउनुहुँदै निर्वाचन लोकतन्त्रको मेरुदण्ड भएको र निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा "आयोगको नेतृत्व, सबैको दायित्व" रहेको वताउनुभयो ।

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ मा लैङ्गिक समानतामूलक तथा समावेशी निर्वाचनको माध्यमबाट लोकतन्त्रको सुदृढिकरणमा योगदान पुर्‍याउने लक्ष्य रहेको छ । यसमा ५ वटा रणनीति अन्तर्गत ५७ वटा कार्यनीतिहरू समावेश गरिएका छन् ।

निर्वाचन व्यवथापनमा मानव संशाधन नीति, २०७७ मा स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्न गुणस्तरीय तथा व्यवसायिक मानव संशाधनको


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

सह सचिव

विकास गरी जनशक्ति परिचालन गर्ने लक्ष्य रहेको छ । यसमा ५ वटा रणनीति अन्तर्गत ३४ वटा कार्यनीतिहरू समावेश गरिएका छन् ।

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७ मा स्वच्छ, स्वतन्त्र र निश्पक्ष निर्वाचनका लागि सामाजिक सञ्जालको उपयोगलाई सुरक्षित, व्यवस्थित, विश्वसनीय, मर्यादित र पहुँचयोग्य वनाउने लक्ष्य रहेको छ । यसमा ६ वटा रणनीति अन्तर्गत ३० वटा कार्यनीतिहरू समावेश गरिएका छन् ।

निर्वाचन आयोगका पदाधिकारीहरूको आचारसंहिता, २०७७ मा आयोगका पदाधिकारीहरूको स्वतन्त्रता, निश्पक्षता, निष्ठा, सदाचार, समानता, सक्षमता र लगनशीलता सम्बन्धी आचरणहरू समावेश गरिएका छन् भने निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०७७ मा आयोगको सचिवालय र मातहतका प्रदेश एवम् जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कर्मचारीको पदीय आचरण, व्यक्तिगत आचरण, आर्थिक अनुशासन, सदाचार, व्यवसायिक मापदण्डको पालना लगायतका विषयहरू समावेश गरिएका छन् ।

कार्यक्रममा आयोगका सचिव श्री सुरेश अधिकारीले उल्लेखित नीति तथा आचारसंहितामा भएका व्यवस्थाहरूका सन्दर्भमा प्रस्तुतिकरण गर्नुभयो । उल्लेखित निर्वाचन सम्बन्धी नीति र आचारसंहिताबाट निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । साथै आयोगबाट तयारीका क्रममा रहेका निर्वाचनमा नागरिक संलगनता नीति र निर्वाचन शिक्षा तथा मतदाता शिक्षा नीतिका सन्दर्भमा समेत प्रकाश पार्नुहुँदै उल्लेखित नीतिहरूको तर्जुमा एवम् कार्यान्वयनमा निर्वाचनका सबै सरोकारवालाको अहम भूमिका हुने धारणा व्यक्त गर्नुभयो ।

आयोगमा भौतिक उपस्थिति तथा भर्चुअल माध्यमबाट आयोजित उक्त कार्यक्रममा निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभयो । कार्यक्रममा विभिन्न संवैधानिक आयोग र नेपाल सरकारका मन्त्रालयका प्रतिनिधिहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू, विकास साझेदार संस्था UNDP/ESP लगायत संस्थाका प्रतिनिधिहरू, आयोगको सचिवालयका कर्मचारीहरू, सञ्चारकर्मी तथा निर्वाचनका सरोकारवाला समेतको उपस्थिति रहेको थियो ।

निर्वाचन आयोग नेपाल २०२३

०७८।४।२१

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np